# स्थानीय- राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

| खण्डः ६ | संख्याः १ | मितिः ०७९/०७/१८ |
|---|---|---|

## भाग-२

खेलकुद विकासका लागि सहयोग तथा खेलसँग आवद्ध संस्थालाई सहयोग कार्यक्रम सम्बन्धी मापदण्ड २०७९-

## भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन ।

बागमती प्रदेश, नेपाल

# खेलकुद विकासका लागि सहयोग तथा खेलसँग आवद्ध संस्थालाई सहयोग कार्यक्रम सम्बन्धी मापदण्ड -२०७९

कार्यपालिकाबाट पारित मितिः २०७९/०७/०२

प्रमाणिकरण मितिः २०७९/०७/१८

**प्रास्तावनाः**

खेलकुद विकासका लागि खेलसँग आवद्ध संस्थालाई सहयोग गर्ने कार्यलाई व्यवस्थित, प्रभावकारी र मितव्ययिता कायम गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम भरतपुर महानगरपालिकाले यो मापदण्ड बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) मापदण्डको नाम खेलकुद विकासका लागि सहयोग तथा खेलसँग आवद्ध संस्थालाई सहयोग कार्यक्रम सम्बन्धी मापदण्ड -२०७९ रहने छ ।

२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क. खेलसंग आवद्ध संस्था भन्नाले जिल्ला प्रशासन कार्यालयमा दर्ता भई यस महानगरपालिकामा सूचीकृत खेलसँग आवद्ध संस्था एवं खेलकुद गतिविधि सञ्चालन गर्ने गरी दर्ता भएका क्लवहरु सम्झनु पर्दछ ।

ख. खेलाडी भन्नाले अन्तरपालिका, प्रदेश र राष्ट्रिय खेलकुद प्रतियोगितामा महनगरको प्रतिनिधित्व गरी सहभागी हुन जाने व्यक्ति सम्झनु पर्दछ ।

३. सहयोग सम्बन्धी व्यवस्था

(१) सहयोग मागको लागि खेलसँग आवद्ध संस्था महानगरपालिकामा सूचीकृत भएको हुनुपर्नेछ

(२) सहयोग प्राप्त गर्न वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(३) एक आ.व. मा एक वडाबाट एक संस्थालाई मात्र सहयोग उपलब्ध हुनेछ ।

(४) वडा कार्यालयले एउटा मात्र संघ संस्थालाई सहयोगको लागि सिफारिस गर्नु पर्नेछ त्यसरी सिफारिस गर्दा वडाबाट आर्थिक सहयोग प्राप्त गरेको संस्थालाई गर्न पाइने छैन ।

(५) अन्तरपालिका, प्रदेश र राष्ट्रिय खेलकुद प्रतियोगितामा महनगरको प्रतिनिधित्व गरी सहभागी हुन जाने व्यक्तिलाई समेत दफा ४ को खण्ड "ग" बमोजिमको सहयोग उपलब्ध हुनेछ ।

प्रमुख

४. सहयोगको लागि दिने सहयोगको सीमा

क) भरतपुर महानगरपालिका भित्र खेलकुद प्रतियोगिता सञ्चालन गर्ने संघ संस्थालाई बढीमा २०००००। (दुई लाख)

ख) महानगरपालिका भन्दा बाहिर सञ्चालन हुने प्रतियोगितामा सहभागी हुन जाने (समूह/टिमलाई) ५ जनासम्मको टिमलाई रु.५००००।- (पचास हजार) र ५ जनाभन्दा बढी खेलाडी टिमलाई रु. १०००००।- (एक लाख सम्म)

ग) व्यक्तिगत रुपमा प्रतियोगितामा सहभागी हुने खेलाडीलाई प्रति खेलाडी रु.१००००।(दश हजार)

घ) नेपाल सरकार, प्रदेश सरकार र महानगरपालिकाको मनोनयन वा पूर्व स्वीकृतिमा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडी वा खेलाडी समूहको हकमा औचित्यका आधारमा दोहोरो सुविधा नहुने गरी नगर प्रमुखबाट निर्णय भएबमोजिम आर्थिक सहयोग उपलब्ध हुने ।

ङ) महानगरपालिका क्षेत्रमा आयोजना हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताको हकमा नगरकार्यपालिकाको निर्णय अनुसार आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइने छ ।

५. बाधा अड्काउ फुकाउः यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा नगर कार्यपालिको निर्णय बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख